कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

## कर्णाली प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९

कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ३ मा संशोधनः कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्:-

"(१) सार्वजनिक निकायले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) दश करोड रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) दश करोड रुपैयाँभन्दा बढीको लागत अनुमान अधिकृतस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख वा विभागीय प्रमुख।

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) बीस लाख रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

सचिव

(ग) पचास लाख रुपैयाँभन्दा बढीको लागत अनुमान अधिकृतस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख वा विभागीय प्रमुख।"

३. <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छनः–

"(१) निर्माण कार्य, मालसामान र अन्य सेवाको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) दश करोड रुपैयाँसम्मको अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) बीस करोड रुपैयाँसम्मको अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) बीस करोड रुपैयाँभन्दा बढीको अधिकृतस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख वा विभागीय प्रमुख।

(२) परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) बीस लाख रुपैयाँसम्मको अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) एक करोड रुपैयाँसम्मको अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) एक करोड रुपैयाँभन्दा बढीको अधिकृस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख वा विभागीय प्रमुख।"

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u> मूल नियमावलीको नियम ६ को,–

(१) उपनियम (१) मा रहेका "पाँच लाख रुपैयाँभन्दा बढी रकमको मालसामान परामर्श वा अन्य सेवा सोझै खरिद गर्दा वा निर्माण कार्य सोझै गराउँदा" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँभन्दा बढी रकमको निर्माण कार्य वा मालसामान र पाँच लाख रुपैयाँभन्दा बढी रकमको परामर्श वा अन्य सेवा सोझै खरिद गर्दा" भन्ने शब्दहरु राखिएका छन।

प्रमुख सचिव

सचिव

(२) उपनियम (३) मा रहेका "पाँच लाख रुपैयाँभन्दा बढी रकमको मालसामान परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्दा वा निर्माण कार्य सोझै गराउँदा" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँभन्दा बढी रकमको निर्माण कार्य वा मालसामान र पाँच लाख रुपैयाँभन्दा बढी रकमको परामर्श वा अन्य सेवा सोझै खरिद गर्दा" भन्ने शब्दहरु राखिएका छन।

प्रमुख सचिव

सचिव